**अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाको १७औं अधिवेशनमा उपाध्यक्ष श्री सपना गुरुङले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०८२/०८३को बजेट वक्तव्य**

गाउँसभाबाट स्वीकृत मिति: २०८२/०३/०५
प्रमाणीकरण मिति: २०८२/०३/०५

**सभाध्यक्ष ज्यू,**

१. नेपालको संविधानको धारा २३०, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१, अर्जुनचौपारी गाउँपालिका विनियोजन ऐन २०८२, आर्थिक ऐन २०८२ र नीति तथा कार्यक्रम २०८२ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य, नेपालको दीर्घकालिन सोच, २१०० (एक्काइस सय), गण्डकी प्रदेश सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अनुसन्धनात्मक दस्तावेज, गाउँ सभाका सदस्यहरूले दिनु भएको सुझावहरूलाई समेत ध्यान दिई अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट प्रस्तुत गर्न गाउँपालिकाको उपाध्यक्ष एबं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसीयतले यस सम्मानित सभामा उपस्थित भएको छु ।

२. नेपालको राजनैतिक परिवर्तनका लागि अमूल्य जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात—अज्ञात शहीदप्रति श्रद्धा र कृतज्ञताको गहिरो भावना प्रकट गर्दछु। राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, समानता, सामाजिक न्याय र समृद्धिको बाटोमा अविचलित संघर्ष गर्दै देशलाई दिशानिर्देश गर्ने महान् आत्माहरू, समस्त दिदीबहिनी, दाजुभाइ र राजनीतिका शिखर व्यक्तित्वहरूलाई हार्दिक सम्मान अर्पण गर्दछु।

३. नेपालको संविधानअनुसार तीन तहको शासन प्रणालीमा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। प्राप्त अधिकार र सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाई जनतालाई परिवर्तनको अनुभूति गराउन गाउँपालिका प्रतिबद्ध रूपमा क्रियाशील रहेको छ ।

**सभाध्यक्षज्यू,**

४. गण्डकी प्रदेश मात्र होइन, समग्र नेपालमा अर्जुनचौपारी गाउँपालिका आफ्नो सशक्त पहिचान निर्माण गर्न अग्रसर छ। यो पहिचान आकस्मिक होइन, हाम्रो कार्यकालमा भएका योजनाबद्ध पहल र

सामूहिक प्रयासहरूको प्रतिफल हो। नेपालकै पहिलो नवग्रह मन्दिरको निर्माण तथा भव्य धार्मिक अनुष्ठानको सफल आयोजना यस क्षेत्रको सांस्कृतिक नेतृत्वको प्रतीक बनेको छ। साथै शिक्षा, स्वास्थ्य, सेवाप्रवाह, कृषि, पूर्वाधार विकास र पर्यटनजस्ता क्षेत्रहरूमा गरिएको सुधारात्मक र रुपान्तरणमुखी प्रयासहरूले स्थानीय समृद्धिको नयाँ ढोका खोलिरहेका छन्। यी सबै पहलहरूले अर्जुनचौपारीलाई अब एक गतिशील, सम्भावनायुक्त र पहिचानयुक्त पालिकाको रूपमा स्थापित गराएका छन्।

५. अर्जुनचौपारी गाउँपालिकालाई सम्मुनत र आत्मनिर्भरता तर्फ उन्मुख बनाउन कानुनी कार्यान्वयन सशक्त पार्नु, भौतिक पूर्वाधार सुदृढीकरण गर्नु, आन्तरिक स्रोतको अधिकतम परिचालन गर्नु, उत्पादकत्व वृद्धि गर्नु, आयोजना बैंकको प्राथमिकिकीकरण र प्रभावकारी कार्यान्वयन गर्नु, गुणस्तरीय र सुशासनायुक्त सार्वजनिक सेवा र निर्माण कार्य सुनिश्चित गर्नु तथा कर दायरा विस्तार गर्नु जस्ता प्रमुख चुनौतीहरूको सामना गरिरहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

६. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु बस्तीस्तरबाट शुरु गरी वडा कार्यालय, विषयगत समिति, राजश्व परामर्श समिति, योजना तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी गाउँकार्यपालिकामा छलफलको प्रवन्ध मिलाई गाउँकार्यपालिकाको सिफारिसले आजको यस गाउँसभामा पेश गरेको व्यहोरा समेत सबै गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन चाहन्छु।

**सभाध्यक्षज्यू,**

७. आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट “साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी” को मूल लक्ष्यलाई सफल बनाउन केन्द्रित रहनेछ। यसअन्तर्गत आगामी वर्षको बजेट तथा कार्यक्रमको प्राथमिकता निम्न अनुसार रहने छन्ः

- सुरक्षित र सहज खानेपानीको पहुँच सुनिश्चितता
- सेवा प्रवाह सुद्रिढ गर्न संस्थागत क्षमता अभिवृद्धि गर्दै पारदर्शिता र जवाफदेहिता कायम गर्ने,
- विकास निर्माणलाई व्यवस्थित र बस्तुनिष्ठ बनाउन आयोजना बैंकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,
- धार्मिक, शैक्षिक र खेल पर्यटनको प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने,

- गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र पूर्वाधार संरक्षण एवम् सुदृढिकरण गर्ने ।

८. गाउँपालिकाले बजेटका उद्देश्यहरू पूरा गर्न र प्राथमिकताका आयोजना सफलतापूर्वक कार्यान्वयन गर्न संघीय तथा प्रदेश सरकारसँग नजिकबाट समन्वय र सहकार्य गर्नेछ। गाउँपालिकामा रहेका श्रम, सीप, पूँजी, क्षमता र ज्ञानको सदुपयोग गर्दै रोजगारी सिर्जनामा सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई उच्च प्राथमिकतामा राखिने छ ।

**सभाध्यक्षज्यू,**

९. अब म चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको यथार्थ आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

क) चालु आर्थिक वर्ष २०८१/०८२ का लागि रु. **५८ करोड ०३ लाख ९५ हजार**को बजेट प्रस्तुत गरिएको थियो । गाउँपालिकाबाट स्वीकृत बजेट अनुसार चालु आर्थिक वर्षमा आन्तरिक राजश्व परिचालनतर्फ **७० लाख** लक्ष्य राखिएकोमा जेष्ठ मसान्त सम्म **८४ लाख ९८ हजार ८ सय ५३ रुपैंया** राजश्व उठेको छ । वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने अनुदान रकम मध्ये चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म ३५ करोड **१२ लाख ६४ हजार ५ सय ४० रुपैंया** स्थानीय सञ्चित कोषमा प्राप्त भएको छ ।

ख) चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कुल बजेटको ६१.५१ प्रतिशत खर्च भएको छ । त्यसैगरी यस आर्थिक वर्षको जेष्ठ मसान्त सम्म **८ करोड ४ लाख १३ हजार ४ सय ३७ रुपैंया** सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ ।

१०. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि अर्जुनचौपारी गाउँपालिकाको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।

क) राजश्व बांडफांड तथा आन्तरिक श्रोततर्फ **१३ करोड २७ लाख २१ हजार ६ सय ५३** आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

ख) अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट **३२ करोड ९ लाख  ८९ हजार** प्राप्त हुने लक्ष्य लिइएको छ ।

ग) आगामी आर्थिक वर्षमा कुल बजेट रु **४५ करोड ३७ लाख १० हजार ६ सय ५३** हुने प्रक्षेपण गरिएको छ । जसमध्ये चालु खर्चतर्फ **रु ३२ करोड ०७ लाख २० हजार** अर्थात ७०.६८ प्रतिशत र पूँजितगतर्फ रु **१३ करोड २९ लाख ९० हजार ६ सय ५३** अर्थात २९.३२ प्रतिशत हुने अनुमान रहेको छ ।

**यसको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।**

११. यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार र अन्य साझेदार संस्था मार्फत सहलागानीका कार्यक्रम प्राप्त हुन सक्ने सम्भावना समेत रहेको हुँदा यसरी प्राप्त हुने बजेटबाट कार्यान्वयन गर्नको लागि साझेदारी कार्यक्रम अन्तर्गत समेत बजेट प्रस्ताव गरेको छु।

**सभाध्यक्षज्यू,**

**अव म आगामी आ.व.को लागि प्रस्तावित गरिएका विनियोजित बजेट सहित बजेट तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।**

- गाउँपालिकाका ६ वटै वडाहरुको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र विपद् व्यवस्थापन साथै सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रहरूमा जम्मा रू १ करोड १८ लाख वडास्तरीय कार्यक्रम तथा बजेट विनियोजन गरेको छु।

- स्वास्थ्य सेवामा पहुँच बढाउन र स्वास्थ्यको गुणस्तरको दायरा फराकिलो बनाउन नागरिकलाई टेवा घरघरमा स्वास्थ्य सेवाको निरन्तरताका लागि आवाश्यक बजेट व्यवस्था गरेको छु।

- सबैका लागि सुरक्षित र सहज खानेपानी पहुँच सुनिश्चित गर्न बजेट विनियोजन गरेको छु ।

- मृगौला प्रत्यारोपण गरेका डायलाइसीस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार खर्चका लागि बजेटको व्यवस्था मिलाएको छु ।

- गाउँपालिकामा संचालनमा रहेको आँखा उपचार केन्द्रबाट प्रदान गरिएका सेवाहरुमा थप विस्तार गर्नका लागि रु १० लाख विनियोजन गरेको छु।

- स्थानीय जडिबुटीको उपयोग गरी आगामी वर्ष पालिकास्तरमै आयुर्वेद औषधीको उत्पादन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

- नागरिकहरुलाई गाउँपालिकाले प्रदान गर्ने सेवाहरुलाई गाउँटोलमै पुगी एकै ठाउँबाट प्रदान गर्न एकीकृत घुम्ती शिविर कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- विपन्न नागरिकको जीविकोपार्जन सुधार तथा आय वृद्धिका लागि बिउपूँजि कार्यक्रमका लागी १० लाख र आमा समूह तथा महिला सशक्तिकरणका लागि २० लाख विनियोजन गरेको छु ।

- धार्मिक संस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षणका साथसाथै परम्परागत तथा घरेलु उद्योग प्रवर्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- गाउँपालिकाद्वारा संचालित नवग्रह कृषि फर्ममा व्यवसायिक तरकारी कृषि वस्तु उत्पादन र प्रवर्धन, Decorative Farming , Agro-tourism hub तथा रोजगारी सिर्जनाका लागि रु ४४ लाख ७५ हजार विनियोजन गरको छु।

- बदलिँदो शैक्षिक आवश्यकता र प्रविधिको प्रभावलाई ध्यानमा राख्दै शिक्षण प्रणालीमा कृत्रिम बुद्धिमत्ता (AI), अनलाइन शिक्षा, तथा डिजिटल उपकरणहरूको प्रयोग गरी विद्यार्थीहरूमा सिर्जनात्मकता, नवप्रवर्तन र विश्वस्तरको प्रतिस्पर्धामा सहभागी हुन सक्ने क्षमता विकास गर्नका लागि **Brains for Tomorrow** कार्यक्रम सञ्चालन गर्नका लागि ९० लाख विनियोजन गरेको छु ।

- "म जिम्मेवार शिक्षक", शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम, विद्यालय मनोपरामर्श सेवा तथा विद्यालय स्वास्थ्य कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

- गण्डकी प्रदेशको समन्वयमा अर्जुनचौपारीलाई Wellness Tourism को गन्तव्यको रुपमा विकासित गर्न Wellness प्रोग्राम संचालन गर्न रु ७ लाख विनियोजन गरेको छु ।

- एक टोल एक काठे गाई उत्पादनमा आधारित कार्यक्रम गुणस्तरीय विउविजन तथा मल वितरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

- गाउँपालिकाभित्र नविन सोंच, प्रविधि र उद्यमशिलतामार्फत् रोजगारी र आय सिर्जना गर्ने Start Up तथा नवप्रवर्तनमूलक कृषि तथा गैर कृषि व्यवसायलाई प्रोत्साहन गर्न सहुलियत ब्याजदरमा कर्जाको व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

- युवालाई खेलप्रति आकर्षित गर्न, प्रतिभाको पहिचान गर्न र खेल क्षेत्रमार्फत् पर्यटनको प्रवर्द्धन गर्न आगामी वर्ष अर्जुनचौपारी गाउँपालिका वडा नं ५ स्थित थाप्ले क्रिकेट मैदानमा स्तरउन्नति तथा प्रदेशस्तरिय Gandaki T-10 Cricket League को आयोजना गर्न रु २० लाख विनियोजन गरेको छु।

- औद्योगिक ग्राम ढुँगा कटिङ उद्योगको प्रभावकारी संचालन मार्फत उद्यमशिलता र रोजगारी सिर्जना गर्न आवश्यक बजेटको व्यस्था मिलाएको छु।

- गड्चौलीखोलामा निर्माणाधिन Arjunchaupari Mathematical and Botanical Park लाई विद्यार्थीहरुको शैक्षिक गन्तव्यका साथसाथै पिकनिक स्पटको रुपमा व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

- अर्जुनचौपारी गाउँपालिकामा खनिजको उपलब्धताका सम्बन्धमा अनुसन्धान गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- सीपमूलक रोजगार प्रवर्द्धनको लागि रोजगार सेवा केन्द्र, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय रोजगार कार्यक्रम र दलित उत्थान केन्द्रका कार्यक्रमहरूलाई निरन्तरता दिंदै आवश्यक बजेटको व्यस्था गरेको छु ।

- संस्थागत संरचना सुदृढीकरणका लागि पालिकाको प्रशासनिक, प्राविधिक तथा मानव संशाधन प्रणालीलाई सूचनामैत्री बनाउँदै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता तथा परिणाममुखी कार्यसम्पादन सुनिश्चित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- विपद पुर्वतयारी, प्रतिकार्य, राहत उद्दार तथा पुनर्स्थापना कार्यको लागि विपद व्यवस्थापन कोषमा ५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

- गाउँपालिकाको सदरमुकाम देखि सबै वडा कार्यालयहरु पक्कि सडकले जोड्ने उदेश्यका लागि उल्लेखनीय बजेट विनियोजन गरेको छु।

- अर्जुन चौपारी पहुँच मार्ग (वार्ड १ देखि ६) स्तरउन्नति गर्नका लागि ७ करोड बराबरको बजेट सुनिश्चित गरेको छु ।

- अर्जुनचौपारी-रापाकोट-आरुचौर सडक खण्डका लागि २ करोड १० लाख, अर्जुनचौपारी सिमलचौर मुसुरबारी हुँदै दरौ सडक स्तरउन्नति गर्नका लागि १ करोड बजेट विनियोजन गरेको छु ।

- अर्जुनचौपारी नरभन्ज्याङ् स्याङ्जा बजार सडक निर्माणका लागी ५० लाख, बिरौटा चोक कौडाँडा माझपाटा सडक स्तरउन्नतिको लागि २५ लाख, रैते बराहचौतारा देखि कालिमाटी सम्मको मोटरबाटो स्तरउन्नति गर्ने कार्यका लागि २५ लाख, बिरौटा माझपाटा सडकका लागि २५ लाख, बाँसटारी-थापाथोक-दारेगौंडा हुँदै जिमिरे जोड्ने सडकका लागि २५ लाख बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

१२. बजेट कार्यान्वयन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐन, २०८२ र विनियोजन ऐन, २०८२मा भएको व्यवस्था अनुसार श्रावण महिना देखि नै बजेट तथा कार्यक्रम  कार्यान्वन गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

१३. यस सम्मानित सभामा प्रस्तुत भएको कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट गाउँपालिका वासीहरुको संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने, भौतिक, सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने साथै प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनबाट गाउँपालिका वासीहरुले सरल सहज र अपनत्वको भावना सहित गाउँ विकासमा सबैले दायित्व बहन गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

१४. यो बजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्नुहुने सम्माननीय गाउँपालिका अध्यक्षज्यू, गाउँकार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, विषयगत समिति, राजनीतिक दल, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, व्यापारिक प्रतिष्ठान, सरोकारवाला महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। योजना तथा बजेट निर्माणमा अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरूलाई विशेष धन्यवाद दिँदै, कार्यान्वयनमा पनि सबै पक्षको सक्रिय सहभागिता, समन्वय र सहकार्य रहने पूर्ण विश्वास लिएको छु।

**धन्यवाद ।**